
# दसैँ, पिङ र हात्ती

कपिल लामिछाने



# बालबालिकाको प्रिय साथी रत्न बालसाहित्य

१. अक्षर
२. अनमोल मणि (बालकथा सङ्कलन)
३. अनुहारको चित्र
४. अन्तरिक्षयात्रीहरू (वैज्ञानिकको जीवनी)
५. अर्थ न बर्थका कुरा
६. आनन्दको आविष्कार
७. आप्पाको झण्डा
८. आमाको उपचार
९. इन्द्रधनुष (बालकथासङ्ग्रह)
१०. इन्द्रेनी
११. कथाको किताब
१२. कथा-कोपिला
१३. कथा कथ्यौरी
१४. काँक्रो र बूढीको नाक
१५. काना-काना कुर्र (बालकविता)
१६. काले कुकुर
१७. कालो माला (बालकथा)
१८. कुभिन्डे भूत
१९. केही राष्ट्रिय विभूतिहरू भाग १, २
२०. केही रमाइला कथा
२१. गणितबाट रमाइलो (बौद्धिक परीक्षा)
२२. चरी आयो
२३. चहचह
२४. चार चङेरी
२५. चिरबिर चरी
२६. चील गाडीमा सरर
२७. चुस्के र छुस्के (बालकथा)
२८. छिमेकी चरा
२९. जङ्गलमा मङ्गल
३०. जमिनदारको जुक्ति
३१. जातक कथा
३२. जालमाथि चाल
३३. जिन्की र जोकर (बालकथासङ्ग्रह)
३४. जुनेली साँझ
३५. झुन्डिएको बगैंचा (यात्रासंस्मरण)
३६. झ्यापुल्लेको बिजोग
३७. टुटिलो र धनेश
३८. डिक र बिरालो
३९. तारामण्डल
४०. तिरमिर तारा
४१. दङ्ग-फुरुङ्ग (बालकथा)
४२. दयालु परी
४३. दसैं, पिङ र हात्ती (बालकथा)
४४. नयाँ साथी
४५. नातिनातिना
४६. नानीहरूका कथाको किताब
४७. पञ्चतन्त्रका पाँच कथा
४८. पाँच प्रसिद्ध वैज्ञानिकहरूको जीवनी
४९. पुतलीको बिहे (बालकविता)
५०. पुष्टकारी
५१. पौराणिक बालकथा
५२. फुच्चे खरायो
५३. फूलजस्तो मन
५४. बाँदर्नीको माया (बालकथा)
५५. बामपुड्के
५६. बालगीत (भाग १, २)
५७. बालबाटिका
५८. बालबालिकाहरूका नाटक
५९. बाल रत्न
६०. बिचरो बुख्याचा (बालकथा)
६१. बुद्धिमानीको परीक्षा
६२. बुहारी (लोककथासङ्ग्रह)


वि.सं. २००३

वि.सं. २०६७

राष्ट्र सेवाका ६४ वर्ष

# दसैँ, पिङ र हात्ती

(बालकथा–सङ्ग्रह)

कपिल लामिछाने

•

| | | |
|---|---|---|
| तेस्रो संस्करण | : | २०६७ |
| प्रकाशक | : | रत्न पुस्तक भण्डार |
| | | काठमाडौं, फोन : ४२२३०२६ |
| लेखन | : | कपिल लामिछाने |
| चित्र | : | शान्ता हिताङ |
| सम्पादन | : | शाश्वत पराजुली |
| | | |
|---|---|---|
| © सर्वाधिकार | : | लेखकमा |
| चित्र तथा लेआउट © | : | प्रकाशकमा |
| | | |
|---|---|---|
| संस्करण | : | पहिलो २०६३ |
| मुद्रक | : | डंगोल प्रिन्टर्स |
| | | काठमाडौं, फोन : ४२५६९३२ |

**Dasain, Ping Ra Hatti**
**ISBN : 99933-0-444-1**

# कथासन्दर्भ

अक्षर (२०५१), काले कुकुर (२०५१), भाँडाकुटी (२०५८), सुनकथा (२०५९), दसैँ, पिङ र हात्ती (२०६०) र राँकेभूत (२०६१) बालकथासङ्ग्रहमार्फत नेपाली बालसाहित्यका क्षेत्रमा देखिएका कपिल लामिछाने (२०१५) यस विधाका आसलाग्दा युवाप्रतिभा हुन् । ... थोरै पात्र, संवाद, सरल र छोटा वाक्य तथा रोचक प्रस्तुतिका कारण लामिछानेका कथाहरू प्रभावपूर्ण हुन पुगेका छन् । बालबालिकालाई शिक्षा, ज्ञान, चेतना र मनोरञ्जन आफ्ना बालकथामार्फत दिनु यिनको वैशिष्ट्य हो ।

–प्रमोद प्रधान

# कथाक्रम

१. दसैँ, पिङ र हात्ती ५
२. उनीहरूको टारी खेत १२
३. मोहन, सोहन र कछुवा १६
४. एक विद्या चौध चतुर्याइँ २२
५. फूलको राजा २८

# दसैँ, पिङ र हात्ती

भर्खर स्कूलमा दसैँको छुट्टी भएको थियो । केही दिनका लागि उनीहरू पढाइको टनटनबाट बचेका थिए । शरद् ऋतुको मौसम रमाइलो थियो । टाढाटाढाबाट आएका आफन्तसित भेट हुने, राम्रो खानलाउन पाइँने हुँदा पनि दसैँ सबैलाई रामाइलो लाग्थ्यो । दिनेश र उसका साथीहरू छुट्टीको आनन्द लिँदै घुम्दै थिए ।

दिनेशले भन्यो– "मेरा दाजु हिजो काठमाडौँबाट आउनुभयो । मलाई राम्रो लुगा ल्याउनुभएको छ ।"

"मेरी दिदी पनि त आज बिहानै पोखराबाट आउनुभयो नि ! मलाई किताप ल्याइदिनुभएको छ ।" उमेशले भन्यो ।

"केको किताप नि ?" दिनेश र दीपेशले एकैसाथ सोधे ।

"कथाको !" उमेशले जवाफ दियो ।

"क्या रमाइलो होला, हामीलाई पनि पढ्न देऊ ल !" बाबुचाले भन्यो ।

सुरेशले भन्यो– "मेरा बुबा त फूलपातीपछि आउनुहुन्छ ।"

"मेरा बुबा पनि !" बाबुचा र मङ्गलेले थपे ।

यस्तैमा उमेशका हजुरबा पनि त्यहीँ पुग्नुभयो ।

"नमस्ते हजुरबा !" उनीहरूले भने ।

उमेशका हजुरबाले भन्नुभयो– "तिमी स्कूले केटाहरूलाई लामो छुट्टी हुँदा दिक्क लागेको होला, होइन ?"

"हामीलाई त बडो रमाइलो पो भएको छ, हजुरबा !" उमेशले भन्यो– "दिक्क लाग्ने त कुरै छैन ।"

"अझ रमाइलो बनाउने उपाय भए बताउनुहोस् न बरु !" बाबुचाले भन्यो ।

उमेशका हजुरबाले घोरिएर भन्नुभयो– "हेर बाबुनानी हो, हामी ठाउँठाउँबाट तराईको यस ठाउँमा आएर बसेका छौँ । तिमीहरू त यहीँ जन्म्यौ । हामीले पहाड र तराई दुवै ठाउँको हावापानी खाएका छौँ । त्यहाँ र यहाँको रहनसहन देखेका छौँ । त्यसैले तिमीहरूले पहाडतिरको दसैँको झलक पाउने गरी टोलमा एउटा चौराली पिङ हालौँ । तिमीहरू रमाउला, हामी पनि पिर्की पुजौँला ।.."

पिङको नाम सुन्नेबित्तिकै दिनेशहरू खुसीले बुरुक्क उफ्रे । उनीहरूले मेलामा मात्र पिङ देखेका थिए ।

बाबुचाले सोध्यो– "कस्तो हुन्छ त्यो चौराली पिङ ?"

हजुरबाले भन्नुभयो– "कस्तो भन्ने अब ? कापा परेका दुईवटा खाँबा हुन्छन्, एउटा बलो हुन्छ, चारवटा पिर्की हुन्छन्, तल-माथि घुम्छ । अरू त बनेपछि देखिहाल्छौ नि । अझ कहीँ चर्खे पिङ पनि भन्छन् ।"

आज फूलपातीको दिन । टोलछिमेकमा सबै जुटिसकेका छन् । हरेक घरमा अघिपछिभन्दा मीठोमसिनो पाकेको छ । घरघरबाट खसीबोकाको म्याँम्याँ आवाज आइरहेको छ ।

उमेशका हजुरबाको कुरा सबैलाई मन परेको छ । खुला ठाउँमा पिङ हाल्ने तयारी भइसकेको छ । पिङका खम्बा गाड्न दिनेश र उमेशले एकएकवटा खाल्डा खन्न थाले । खन्दाखन्दा हात दुखे अनि बाबुचा र मङ्लेले पालो दिए । खाल्डा खन्ने काम सकिएपछि उनीहरू सिकर्मीहरू लिएर वनमा पुगे । वन कार्यालयले अनुमति दिई छपान गरिदिएका ठूलाठूला रूखहरू ढलाए । रूख ढल्दा अरू रूखका हाँगाहरू र साना बोटबिरुवाहरू भाँचिए । दिनेशहरूलाई नरमाइलो लाग्यो । काटकुट र ताछतुछ पारी खम्बा तयार भए । खम्बा तीन फुट गोलाइका थिए, माथिपट्टि चोके परेका थिए । त्यही चोके वा कापामा राख्ने एउटा दरो बलो तथा अरू सरजाम पनि हेदहिँदै तयार भए ।

अनि सबै मिलेर काटेका खम्बा पल्टाउन खोजे– होस्टे–हैँसे ! होस्टे–हैँसे !! होस्टे–हैँसे !!! फेरि एकैचोटि सबैले बल लगाए- होस्टे–हैँसे ! होस्टे–हैँसे !! होस्टे–हैँसे !!! तर खाँबो हच्केन ।



खाँबाहरू, बलो र अन्य सरजाम झन्डै एक किलोमिटर टाढा पुऱ्याउनु थियो । यति मानिसले मात्र पुऱ्याउनु सम्भव देखिएन ।

"डोजर ल्याउनुपऱ्यो, काका !" दिनेशका बाबुले उमेशका हजुरबाका मुखतिर हेरेर भने ।

"डोजर होइन, क्रेन ल्याउनुपर्छ भन्नुहोस् न बुवा ! यस्तो कामका लागि क्रेन काम लाग्छ ।" दिनेशले भन्यो ।

"होहो !" दिनेशका दामलीहरूले भने ।

"मान्छेको वशको कुरो होइन, यत्रा सत्तरीलाई उठाएर लैजान ।" रमितेले भने ।

"अग्राख त फलामभन्दा गरुङ्गो र बलियो पो हुन्छ ।" सिकर्मीको नाइकेले भन्यो ।

मानिसहरू थरीथरीका कुरा गरिरहेका थिए । उमेशका हजुरबा भने घोरिएर सोचिरहनुभएको थियो ।

"खम्बा लैजान सकिन्न भने यहीँ पिङ हालौँ ।" बाबुचाले भन्यो ।

"यस्तो जङ्गलका बीचमा पनि कहीँ पिङ हाल्छन् ?" अर्कोले जवाफ दियो ।

"उठाउन–चलाउनै नसकेपछि यहीँ पनि कसरी हाल्ने पिङ ?" उमेशका हजुरबाले भन्नुभयो ।

"अँ त नि, हा हा हा ........!" सबै हाँसे ।

उमेशका हजुरबा कसैलाई केही नभनी एक्कासि जानुभयो ।

हजुरबा एकैछिनमा जिमदारको हात्तीमाथि चढेर आइपुग्नुभयो । सबैले हजुरबाको अक्कलको सराहना गरे ।

हात्तीका लामा–लामा दारा थिए । त्यस हात्तीलाई प्रायः सबैले चिन्थे । माउतेका इसारामा हात्तीले खम्बालाई सुँढले च्याप्प समात्यो र घिसाऱ्यो । सबै खुसी भए ।

अगिअगि खम्बा घिसारिरहेको हात्ती र पछिपछि मानिसको लस्कर । जन्तीझैँ लाग्थ्यो ।



दिनेशहरूलाई पनि रमाइलो लाग्यो । मानिसको बुद्धि र हात्तीको बल भए ठूलाठूला काम पनि सहज हुने रहेछन् भन्ने कुरा सबैले बुझे ।

खम्बा टोलमा पुग्यो । मानिसहरू चारैतिर झुम्मिएका थिए । त्यत्रो अजङको खम्बा एउटै हात्तीले ठड्याएको हेर्ने जोकोहीलाई पनि इच्छा थियो । त्यसैले सबै घचेडाघचेड गर्दै थिए र सबैको ध्यान हात्तीपट्टि थियो । कतै खम्बा ढल्ला र उछिट्टिएर आफूतिर आउला भन्ने डरले एकदमै नजिक जान कोही पनि सकिरहेको थिएन ।

माउतेले हात्तीलाई खनेर ठिक्क पारेको खाल्डोमा खम्बाको फेद हाल्न भन्यो, हात्ती मानेन । माउतेले हात्तीलाई पटकपटक अरायो, तैपनि मानेन । यस्तो त कहिल्यै गर्दैनथ्यो भनी माउते भुतभुतायो ।

माउतेले हात्तीलाई पिट्यो । फेरि पनि हात्ती मानेन । हात्ती जहाँको तहीँ उभिइरह्यो, सुँढ उचालेर ड्वाँ-ड्वाँ कराइरह्यो । मानिसहरू जिल्ल परिरहेका थिए ।

"होइन ए चौधरी, आज किन मानिराखेको छैन यो हात्ती ? बहुलाउन त बहुलाएन ?" उमेशका हजुरबाले भने ।


"त्यसो नभन्नुहोस् काका, हात्ती लाखमा एक हो । तपाईंलाई थाहा छैन र ?" माउतेले भन्यो ।

"कुखुरा चढाउँला भनेर भाकल हाल्नुहोस् काका, मान्ला बरु ।" दिनेशका बाबुले भने ।

"कस्तो नचाहिने कुरा गर्छौ ए भाइ, हात्तीले पनि कहीँ भाकल खोज्छ ? ...बरु खम्बाको मोटाइअनुसारको खाल्डो खनेको छैन होला, त्यसो भएर नमानेको हात्तीले । नापिहेर्नुहोस् त ।" माउतेले दिनेशका बाबुसित भन्यो ।

"नचाहिने दुःख दिन्छौ चौधरी, दाइ ।" दिनेशका बाबुले भने ।

अनि उनी खम्बाको मोटाइ नापेर खाल्डातिर लागे । उनलाई देखेर बिरालाको छाउरो म्याउँ गर्दै खाल्डाबाट फुत्त बाहिर निक्ल्यो । छाउरो निक्लेर जानेबित्तिकै हात्तीले खम्बाको फेद खाल्डामा हालेर उभ्याइदियो । सबैले ताली बजाए ।



"छाउरो रहेछ र पो नमानेको मोरो ।" माउते भुतभुतायो ।

हात्तीले अर्को खम्बा पनि खडा गरिदियो, खम्बामाथि बलो चढाइदियो । सिकर्मीहरूले पिङ जोड्ने काम फटाफट गरे । हेर्दाहेर्दै चौराली पिङ तयार भयो ।

"अब पहिले कोको खेल्ने ?" कर्मी दाइले भने ।

उमेशले भन्यो– "हजुरबा र माउते काका खेल्ने ।"

"एउटा पिर्कीमा सिकर्मी दाइ र अर्को पिर्कीमा म र बिरालाको छाउरो पनि खेल्ने । कसो ?" बाबुचाले थप्यो ।

# उनीहरूको टारी खेत

बजारको मुन्तिर उनीहरूको बारी थियो । बारीमा कतैबाट कुलो लाग्दैनथ्यो । त्यसैले पाखेबाली कोदो, मकै, तोरी आदि लगाइन्थ्यो । धानखेती हुन्नथ्यो । बेसाएको चामलको भात कहिलेकाहीँ मात्र खान पाइन्थ्यो । यसबाट आमाबाबु दुःखी थिए । यो उनीहरूको बुझेका थिए ।

असारको महिना उनीहरू पिँढीमा बसेर दुनोट घोक्दै थिए– पाँच एकाने पाँच, पाँच दुना दस.... ! बादल चारैतिरबाट घेरिँदो थियो । पानीका ठूलाठूला थोपा तप्ल्याकतुप्लुक खस्न थाले । हेर्दाहेर्दै पानी दरर्र दर्क्यो । एकै छिन पानी थामियो र फेरि लगातार दर्किरह्यो, दर्किरह्यो ।

आकाशबाट पानीका थोपा–थोपा पर्दै थिए, तर छानाबाट बलेसीको धारै खसिरहेको थियो ।

विशालले भन्यो– "असल, हेर पानीका धारा !"

"देखिरहेको छु । किन र ?" किताब बन्द गर्दै असलले भन्यो ।

"बुझेनौ ? अस्तिअस्ति हामी स्कूलबाट आउँदा सडकको छेउछेउ भल बगेको ? त्यो भल काटेर बारीमा हाल्ने हो भने खेत बनाई रोप्न कसो नसकिएला ?" विशालले भन्यो ।

असल बुरुक्क उफ्र्यो । उसले किताबकापी थन्क्यायो र उठ्यो । विशाल पनि उठ्यो । पानी दर्किरहेको थियो । दुवैले मुखामुख गरे । दुवैले एक–अर्काको मनको कुरा बुझे ।

आमाबाबु मेलामा गएका थिए । असल र विशालले एकेकवटा कोदालो समाते, घुम ओढे र उनीहरू आँगनबाट ओर्लिहाले ।

बारी सडकको मुन्तिर थियो । पानी परिरहेको थियो र भल सडकको छेउछेउ बगिरहेको थियो ।



विशालले कोदालाले भल काट्यो । भल बारीतिर सोभियो । असलले कुलेसो अभ्र गहिऱ्यायो । भलपानी भ्रन् ठूलो भयो । बारीमा पानी त पुग्यो, तर बगेर जान थाल्यो । हतार-हतार उनीहरूले बारीका छेउछेउमा आली (डिल) लगाए । पानीले गरो डम्म भयो । विशालले दुई-तीन ठाउँमा पातलो-पातलो ढुङ्गा राखेर समा बनायो । समाबाट पानी सलल्ल भर्न थाल्यो ।

ढाड सोझ्याउँदै निधारका पसिना पुछ्दै असलले भन्यो– "अब त भात खान पाइन्छ हगि ?"

"किन नपाउनु ? तर हेर, ऊ त्यो गराबाट पनि पानी बगिराखेको छ..." विशालले तल्ला गरामा भर्दै भन्यो ।

असल पनि तल्ला गरामा भऱ्यो । भर्दाभर्दै उसले भन्यो– "त्यसो त सबै गरामा आली लगाउनुपर्छ नि !"

पानी परेको पऱ्यै थियो । उनीहरू आली लगाइरहेका थिए, हिलो बनाउँदै थिए । छेउकुना खन्दै, किच्दै थिए ।

काम गर्दा गाऱ्हो हुँदो हो, तर उनीहरूलाई रमाइलो लागिरहेको थियो । उनीहरूको मन चङ्गा भयो । जीउ खुसीले फुरुङ्ङ भयो ।

"ठुल्दाइ, ल खाजा खाने बेला भयो ।" कित्लीमा चिया र मजेत्रोमा मकै लिएर बहिनी लता आइपुगी । उसले भनी– "अब हाम्रो बारी त टारी खेत पो भएछ त !"

"भयो नि ! कस्तो लाग्यो त ! गरे किन हुन्न ?" विशालले भन्यो ।

कित्लीको टुटीबाट बाफ निक्लिरहेको थियो ।

"मौकैमा आइपुगिस्, ले !" असलले भन्यो ।

कान्लामा टुक्रुक्क बसेर उनीहरूले मकै र चिया खाए । कान्लाभरि भुइँकाफल थिए । मकै खाँदाखाँदै लताले भनी– "असल दाइको गोडामा कोदालाले काटेछ ।"

असलले गोडा हेऱ्यो, छाम्यो र भन्यो– "जुका रहेछ ।" उसले कान्लाबाट पाती टिप्यो र जुकाले टोकेको ठाउँमा दल्यो । जुका खस्यो ।



कान्लामा जुका उनीहरूले "माछो–माछो–भ्यागुतो खेल्दा औँला हल्लाएझैँ हल्लिरहेका थिए । कुनै बित्ता नाप्दै थिए ।

मकै खाँदै लताले थपी– "दाइहरूले त आज गर्नु गर्नुभयो नि !"

"हामीले होइन, भातले गरेको हो !" असलले भन्यो ।

तीनै जना हलल्ल हाँसे । पानी परिरहेको थियो । झर्खर बनेको टारी खेतमा भ्यागुताहरू ट्वारट्वार गर्न थाले ।

●

# मोहन, सोहन र कछुवा

मोहन र सोहन घुम्दाघुम्दै नारायणी नदीका किनारमा पुगे । नदी ठूलो र बाङ्गोटिङ्गो थियो । चितवन राष्ट्रिय निकुञ्जभित्रको त्यो ठाउँ घना जङ्गलका बीचमा थियो । छुट्टीको समय बिताउन उनीहरू त्यहाँ पुगेका थिए । यसरी घुम्न उनीहरूलाई रमाइलो लाग्थ्यो ।

नारायणीमा ठूलाठूला लहर उठिरहेका थिए । लहरसँगै एउटा कछुवा आयो र उनीहरूछेउ रोकियो । मोहन पछि हट्न खोज्यो ।

सोहनले भन्यो– "अरे यो त कछुवा हो– tortoise ! यसले केही गर्दैन ।"

सोहनले कछुवाको ढाडमा सुमसुम्यायो । सोहनले कछुवालाई छुँदा कछुवाले टाउको आफ्नो जीउमा बोकेको ठूलो खबटाभित्र लुकायो ।

मोहनलाई पनि रमाइलो लाग्यो । उसले पनि कछुवालाई छोयो । उसको आङ जिरिङ्ग भयो । कछुवाले सोहनका खुट्टामा सुमसुम्यायो । खुट्टा हटाउँदै सोहन हाँस्यो । मोहन पनि हाँस्यो ।

"मेरो नाम कुलबहादुर हो ।" कछुवाले अगाडिको पखेटा उचालेर भन्यो ।

"मेरो नाम मोहन हो ।" दङ्ग पर्दै मोहनले भन्यो ।

"मेरो नाम सोहन हो ।" जिल्ल पर्दै सोहनले भन्यो ।

"नदीकिनारमा तिमीहरूलाई स्वागत छ ।" कछुवाले भन्यो ।

"तिमीलाई पनि हाम्रो जमिनमा स्वागत छ ।" मोहनले भन्यो ।

कछुवाले टाउको ठड्याएर भन्यो– "त्यो त ठीक छ, तर यो जमिन मेरो पनि हो नि !"

मोहनले भन्यो– "कसरी ?"



कछुवाले भन्यो– "ल तिमीलाई थाहा छैन ? म माछाजस्तो हो र ? म त पानी र जमिनमा बराबर बस्न सक्छु । पानी र जमिन दुवै मेरो संसार हो ।"

सोहनले मसिनो घाँस कछुवालाई दियो । कछुवाले त्यो ङ्याङङ्याङ पारेर खाइदियो । छालले एउटा माछालाई छाडेर गयो । माछा उफ्रँदै अर्कोचोटि छाल आउने बाटो हेरिरह्यो । मोहनले माछा च्याप्प समात्यो र कछुवाका मुखमा हालिदियो । कछुवाले त्यो पनि खाइदियो । छालले एउटा ठूलो माछा छाडेर गयो । मोहनले त्यो माछा पनि च्याप्प समात्यो र कछुवाका मुखमा हालिदिन खोज्यो, तर कछुवाले त्यो खाएन । माछा फुत्केर पानीमा पुग्यो ।

"किन खाएनौ ?

"मेरो दाँतले यति ठूलो माछा चपाउन सक्दैन ।"

"हो र ?" उनीहरूले सोधे ।

"अनि के त ?" कछुवाले भन्यो ।

उनीहरूलाई रमाइलो लाग्यो ।

तीनै जना रमाउँदै खेल्दै थिए ।

उत्तरबाट एउटा जङ्गली जनावर आइरहेको थियो ।

पहिले कछुवाले देख्यो ।

उसले भन्यो– "उः हेर है, ब्वाँसो आइरहेछ । त्यो खतरनाक जनावर हो ।"

मोहन र सोहनले पनि देखे । ब्वाँसो आफूहरूतिरै लम्किरहेको थियो ।

मोहनले भन्यो– "हामी त अब दगुर्छौं, भाग्छौं र गुहार मागेर बच्छौं । तिमी के गर्छौ नि ? मेरो बुई आऊ बरु ।"

"धेरै-धेरै धन्यवाद ! तर बुझ, दौडेर त्यसबाट बच्न सक्दैनौ । मलाई धेरै थाहा छ । पर्ख !" कछुवाले भन्यो र तुरुन्तै पानीभित्र डुबुल्की मार्‍यो ।

सोहनले भन्यो– "कति डरछेरुवा रहेछ !"



मोहनले भन्यो– "त्यस्तासित पनि के मीत लाउनू ? बेकार !"

सोहनले भन्यो– "अब भागौँ, नत्र त्यो ब्वाँसाले खान्छ हामीलाई ।"

मोहनले भन्यो– "तर बस्ती पनि त टाढा छ । अब हामी दुगुरेर बच्न त सक्दै सक्दैनौँ ।"

सोहनले भन्यो– "त्यो त हो, तर हामीसित दुगुर्नुबाहेक अर्को उपाय पनि त छैन नि !"

दुवै दगुर्ने तयारी गर्दै थिए ।

एकाएक कुलबहादुर पानीबाहिर निक्ल्यो । उसका दुवै हातमा बडाबडा खबटा थिए ।

नजिकै पुगेर उसले भन्यो– "ल एकएकवटा खबटा मैले जस्तै ओढ ! तिमीहरू यस्ता जनावर र चराहरूको झम्टाइबाट बच्न सक्छौ ।"

"खबटा ?" मोहन र सोहन आश्चर्यले चकित भए– "कत्ति ठूलठूला ?"

कुलबहादुरले भन्यो– "हामी समुद्रबाट यता बसाइँ सरेर आउँदा यस्तै केही पर्ला भनी हामीले यस्ता खबटा ल्याएका थियौँ । आज काम लाग्ने भो । मलाई बडो खुसी लागेको छ । अहिले मेरा बाबुआमा पनि आउनुहुन्छ । ल ल लगाऊ ।"

दङ्ग पर्दै मोहन र सोहनले खबटा ओढे । तिनीहरूलाई रमाइलो अनुभव भयो ।


मीत कछुवालाई भगुवा ठानेकोमा मनमनै पछुतो लाग्यो ।

दुवैले कछुवालाई अँगालो हाले ।

उनीहरूले भने– "यति ठूलो पनि हुन्छ खबटा ?"

कछुवाले भन्यो– "यो त के ठूलो नि ? समुद्री कछुवा आठ फुटसम्म लामो र बार सय किलोसम्मका हुन्छन् । चानचुने जन्तु नठान हामीलाई ।..."

"यसै पनि तिमी चानचुने होइन रहेछौ । हामीले बुझिसक्यौँ ।" मोहनले भन्यो ।



नारायणी किनारका रूखमा चराहरू चिरबिर गर्दै थिए ।

ब्वाँसो उतै जङ्गलभित्र पस्यो ।

मोहन र सोहन पनि फर्के । कुलबहादुरले उनीहरूलाई नदीका किनारबाट हेरिरह्यो ।

कुलबहादुरले पखेटा उठाएर उनीहरूलाई टाटा गर्‍यो । उनीहरूले बाई–बाई गरे ।

•

# एक विद्या चौध चतुर्याइँ

ऊ जतिखेर पनि पढिरहन्थ्यो । साथीहरू खेल्दा पनि ऊ छेउमा बसेर पढिरहेको हुन्थ्यो । स्कूल जाँदा-आउँदा बाटामा ऊ घरीघरी किताबकापी निकालेर हेर्थ्यो र रट्दै अघि बढ्थ्यो । मानौँ रट्नुलाई नै उसले पढाइ वा सिकाइ ठानेको थियो । आज पनि ऊ हिसाबका सूत्र रट्दै थियो । त्यत्तिकैमा हस्याङफस्याङ गर्दै श्याम आइपुग्यो ।

श्यामले भन्यो– "हितेश, हिँड जाऊँ, मेला घुम्न । कत्ति पढिरहेको ? वैशाख पूर्णिमाका उपलक्ष्यमा लुम्बिनीमा ठूलो मेला लागेको छ रे, देशविदेशका मान्छे आएका छन् रे । त्यहाँ थरीथरीको मेलाका साथै विज्ञान-प्रदर्शनी पनि लागेको छ रे ! जाऊँ है, सबै मिलेर जाऊँ । बडो रमाइलो हुन्छ । आखिर छुट्टीको दिन त हो !..."

उसले सोच्यो— मेला-प्रदर्शनीमा गएपछि दिनभर त्यतै भइन्छ । पढ्न पाइन्न । सिक्ने समय त्यत्तिकै खेर जान्छ । अनि उसले भन्यो– "नाइँ, म जान्नँ ।"

"बिन्ती, त्यसो नभन न हितेश । जाऊँ न ।" श्यामले भन्यो ।

"नाइँ, मलाई पढ्न देऊ । म पढ्न चाहन्छु— जान्न चाहन्छु र आउँदो परीक्षामा पहिलो हुन चाहन्छु ।"

श्यामले सम्झाउने गरी भन्यो– "तिमी जहिले पनि यस्तै कुरा गर्छौ । पढ्नु, सिक्नु भनेको खालि घोक्नु र रट्नु होइन है, हेर । पढ्नु पनि पर्छ, घुम्नु-हेर्नु पनि पर्छ ... ाट पनि जानिन्छ, सिकिन्छ, बुझिन्छ ।"

"तिमी जेसुकै भन, म जान्नँ । क्षण त्यागे कुतो विद्या रे ! म मेरो अमूल्य सम नष्ट गर्न चाहन्नँ । मलाई एक्लै छाडिदेऊ, पढ्न देऊ !"

श्यामले कति गर्दा पनि हितेशको मन पग्लेन । श्याम दुःखित भएर फर्क्यो । हितेश किताप पल्टाएर पढ्न थाल्यो । मोहन, जोहन, सोहन र सीता पनि मेलामा गएनन् ।

श्यामको मेलाटोली हिँड्यो । टोलीमा श्यामका साथ दीपेश, नरेश, राजेश तथा रन्जु, अन्जु, सन्जुहरू थिए । प्रत्येकले एकएक झोला लिएका थिए । झोलामा डायरी,



कलम, पानीको तुम्लेट र खाजा राखेका थिए ।

मेलामा हजारौं मान्छे भेला भएका थिए । ठेलमठेल थियो । त्यो देखेर उनीहरू खुपै रमाए । बालबालिकाहरू, तरुनी-तन्नेरीहरू, बूढाबूढीहरू, गाउँलेहरू, सहरियाहरू, किनमेल गर्नेहरू, खेल्नेहरू-खेलाउनेहरू, नाच्ने-बजाउने र गाउनेहरू, माग्नेहरू-दिनेहरू, मेला लगाउनेहरू र मेला भर्नेहरू आदिले गर्दा मेला साँच्चै हेर्नलायकको देखिन्थ्यो । सबै रमाएका देखिन्थे । यता पनि भीडभाड उता पनि भीडभाड थियो । धक्कमधक्का, ठेलमठेल थियो । कतै मान्छेको कोलाहल थियो भने कतै माइक्रोफोनको । कतै खुसीको सुसेली थियो भने कतै हराएका मान्छेको हुलिया र आफन्तको सन्देश थियो ।

श्याम रमायो– "हेर दीपेश, कति मज्जा हगि ?"

दीपेशले थप्यो– "अँ त नि है !"

रन्जु उफ्री– "श्याम, ऊ त्यता जाऔं । त्यहाँ त विज्ञान-प्रदर्शनी रहेछ ।"

दीपेशले भन्यो– "हुन्छ, हुन्छ, हामी सबै त्यतै लागौं ?"

विज्ञान-प्रदर्शनी मेलाको एक मुख्य आकर्षण नै थियो । प्रदर्शनीमा धमिलो पानीलाई फिटकीरीले तुरुन्तै सफा पार्ने, पानीबाट बिजुली उत्पादन गर्ने, गोबरबाट बिजुली निकाल्ने, झारबाट पेट्रोल उत्पादन गर्ने आदि प्रविधि, कम्प्युटरको सफ्टवेयर सिस्टम, इन्टरनेटबाट जानकारी पाउने तरिका आदि थुप्रै प्रयोग देखाइएका थिए ।

श्याम गम्भीर भयो । उसले भन्यो– "साथीहरू, हाम्रा खोला र नदीहरूले नेपालको सिमाना छिचोल्ने ठाउँमा फिटकीरीका ठूलाठूला ढिकाहरू राखिदिने हो भने हाम्रो मलिलो बलौटे माटो हामीकहाँ नै रहन्थ्यो । अनि बङ्गालको खाडीमा हरेक वर्ष नयाँनयाँ पहाड जन्मने काम कम हुन्थ्यो । यो पक्का हो ।"

रन्जु हाँसी । उसले ओठ लेप्र्याउँदै भनी– "हावादारी कुरा !"

दीपेशले थप्यो– "क्या फ्यान्टास्टिक आइडिया ! कहाँबाट आयो यो आइडिया ?"

"इन्डियातिर बगिरहेका नदीहरू र फिटकीरीले धमिलो पानीलाई सङ्ल्याएको देखेर ममा यस्तो विचार आयो ।" श्यामले भन्यो ।


विज्ञान-प्रदर्शनी

"असम्भव !" राजेशले भन्यो ।

"सम्भव !" श्यामले अठोटका साथ भन्यो– "प्राविधिक रूपले यो सम्भव छ ।"

सबैले बुझेझैँ टाउको हल्लाए ।

अहिले भने रन्जुलाई पनि पत्यार लागेछ क्यार ! लाजले ओठ टोक्न थाली ।

मेला लागेको लगत्तै विद्यालयको वार्षिकोत्सव सुरु भयो । सो उपलक्ष्यमा विभिन्न कार्यक्रम सञ्चालन हुन थाले । तीमध्ये हाजिरीजवाफ प्रतियोगिता पनि एक थियो । यो थाहा पाएर हितेश र श्यामले निम्नअनुसार आआफ्नो टिमको नाम दर्ता गराए–

| टोलीको नाम | टोली नेता | सदस्यहरू |
|---|---|---|
| भानु सदन | हितेश | सोहन, जोहन, सीता |
| देवकोटा सदन | श्याम | सन्देश, राजेश, रन्जु |

भानु वा देवकोटा सदन कुनले जित्छ भनेर व्यापक पूर्वानुमान चल्न थाल्यो ।

– भानु सदनले जित्छ । हितेश पढैया छ ।

–काँटाको टक्कर हुन्छ । दुवै बराबर छन् ।

–नपत्याउने खोलाले बगाउला नि !

यी कुनै पक्ष कमजोर थिएनन् । यस्ता अनुमानले गर्दा यस कार्यक्रमप्रति शिक्षक र विद्यार्थी सबैको आकर्षण र चासो बढ्यो । सहभागीमा जाँगर थपियो ।

हितेशहरू सामान्य ज्ञानका पुस्तकहरू खोजेर रट्न थाले । श्यामहरू पढ्नुका साथसाथै छलफल र सोधपुछ गर्न थाले ।

प्रतियोगिताको दिन । प्रतियोगितासम्बन्धी नियम सुनाएपछि प्रतियोगिता सुरु भयो । प्रतियोगितामा सामान्य ज्ञानका विभिन्न प्रश्नहरू सोधिए । एक–दुई प्रश्न मात्र पाठ्यपुस्तकभित्रबाट परेका थिए । समाज र साथीहरूसित घुलमिल हुने, खेलकुदमा भाग लिने, समाचार सुन्ने, मेलाप्रदर्शनी र शैक्षिक भ्रमण, आमसभा, कविगोष्ठी आदिमा




सहभागी हुने, साथीभाइसित बसेर छलफल गर्ने, नबुझेका कुरा घोक्नुभन्दा सोधेर बुझ्नपट्टि लाग्ने श्यामको बानीले गर्दा श्यामले हरेक प्रश्नको फटाफट सही उत्तर दिन सक्यो । अन्तमा अत्यधिक अङ्क ल्याई देवकोटा सदन विजयी भयो ।

हितेशको शिर झुक्यो । श्यामको टिमलाई उसले अबिर लगाइदियो र बधाई दिँदै भन्यो– "श्याम, अब म पनि शैक्षिक भ्रमण, मेला–प्रदर्शनीमा अवश्य जान्छु ।"

श्याम मुसुक्क हाँस्यो । भानु सदन र देवकोटा सदन दुवैतर्फका सहभागी हातेमालो गरी उभिए र फोटो खिचाए ।

•

# फूलको राजा

असल र अनूप गफ गर्दागर्दै बगैँचामा पुगे । त्यहाँ फूलहरू पनि मुन्टो हल्लाईहल्लाई कुरा गर्दै थिए । गुलाफको हाँगा झुक्यो र पहिले असल अनि अनूपलाई फूलको झुप्पाले म्वाइँ खायो । गुलाफको बास्ना उनीहरूलाई खुप मन पर्‍यो । उनीहरू लट्ठ परे र त्यहीँ थपक्क बसे । एकै छिनपछि त उनीहरूले फूलका कुरा बुझ्न थाले ।

"आज म 'हामीले फूलको राजा कसरी चुन्यौँ' त्यो सुनाउँछु" भनी गुलमोहरले भन्यो । "हुन्छ हुन्छ, सुनाउनुहोस्" भनी बगैँचामा रहेका अरू फूलहरूले भने ।

कथा सुनाउने पारामा गुलमोहरले भन्यो– एक पटक फूलहरूको सम्मेलन भयो । तीनतिर हरिया पहाड र उत्तरतर्फ हिमालले घेरेको नदीनाला र तालैताल भएको रमाइलो ठाउँ पोखरा सम्मेलनका लागि छानिएको थियो । सम्मेलनमा गुराँस, सयपत्री, लालुपाते, गुलाफ, बाह्रमासे, कमल, बुकी, गुहेँली, जाही, जुही, बेली, चमेली, गोदावरी, सूर्यमुखी, मेरीगोल्ड, लाउरे, लिली, मखमली, सुपारे, असारे, बाह्रबजे, बेगनबेलिया आदि हजारौँ फूल भेला भएका थिए । म पनि त्यहाँ पुगेको थिएँ ।

फूलहरूको जमघट देखेर मानिसहरू रमाइरहेका थिए । अतिथिका रूपमा आएका चराचुरुङ्गीहरू, पुतलीहरू, भमरा, मौरी र गाइनेकीराहरू पनि त्यहीँ रमाउँदै थिए । पोखरा यी सबैको उपस्थितिले झन् झिलिमिली र रमाइलो भएको थियो । रातको अँधेरीमा आकाश र धर्ती दुवै विवाहका बेला सजाएको घरजस्तै देखिएका थिए । आफूलाई खुपै राम्रो छु भन्ने फूलहरू पनि त्यो देखेर भित्रभित्रै लजाइरहेका थिए । म त झन् अक्क न बक्क भइसकेको थिएँ ।

सम्मेलनको पहिलो सत्रमा उद्घाटन कार्यक्रम थियो । यस सत्रमा फूलको हकहितका बारेमा छलफल भयो । आफूलाई कसरी जगाउने र जोगाउने, मान्छे, पुतली र अरूलाई कसरी लोभ्याउने, वनबगैँचादेखि बैठक, बार्दली, कोठाचोटा र मठमन्दिरसम्म फूलको राज कसरी फैलाउनेजस्ता विषयमा खुपै छलफल भयो । अतिथिहरूले सफलताको शुभकामना प्रकट गरे ।



दोस्रो बन्द सत्रमा विभिन्न प्रस्ताव प्रस्तुत भए । लामो छलफलपश्चात् तिनलाई पारित गरियो । बन्द सत्रकै अर्को महत्त्वपूर्ण काम थियो– नेता छान्ने काम ।

उद्घोषकको काम सुनगाभाले जिम्मा लिएको थियो । उसले कटुसको हाँगाबाट बास्ना छर्दै भन्यो– "अब राजा छान्ने काम सुरु हुन्छ ।"

सुनगाभाका कुराले सबका कान ठाडा भए । सबै टाठा भए । निदाएका जागे । टाठाबाठाहरू नेता हुन तँछाडमछाड गर्न थाले ।

सूर्यमुखीले भन्यो- "म राजा हुन्छु । म फूल पनि, तेल पनि । त्यसैले मैले राजा हुन पाउनुपर्छ । सबैसँग मलाई राजा छान्न आग्रह गर्दछु ।"

गुराँसले भन्यो- "मलाई राजा चुन्नुहोस् । म त झन् नेपालको राष्ट्रिय फूल नै हुँ । म फुल्दा सारा पहाडै ढकमक्क फुलेको देखिन्छ ।"

कमलले पोखरीबाट टाउको हल्लाउँदै भन्यो- "दाजुभाइ तथा दिदीबहिनीहरू ! राजा म पो हुनुपर्छ । म एकै ठाउँमा सीमित छैन । पहाडदेखि तराईसम्म जहाँजहाँ जलाशय, पोखरी छन् त्यहाँत्यहाँ म फुल्छु, म फैलिएको छु । मेरो फूल, फल, जरा, डाँठ सबै मानिस र अन्य प्राणीलाई उपयोगी छन् । त्यसैले मलाई राजा चुन्नुहोस् ।"

गुलाफले बास्ना चलाउँदै भन्यो- "सुन्नुहोस्, राजा भनेको प्रेम हो, दया हो, दान हो र दण्ड पनि हो । ममा यी सबै छन् । मलाई सबै प्रेम गर्छन्, माया गर्छन् । म इच्छुकहरूलाई दान गर्छु, सोझासाझा दुःखीलाई दया गर्छु, तर नियमसित नचल्ने, अनुशासन गुमाउनेलाई तीखा–अङ्कुसे काँढाले चिथर्छु पनि । म व्यापक पनि छु । त्यसैले मलाई राजा छान्नुहोस् ।"

सयपत्री, पारिजात, लिली, गोदावरी, लालुपातेहरूले पनि आफू राजा छानिन चाहेका थिए, तर सूर्यमुखी, गुराँस, कमल र गुलाफले आआफ्नो इच्छा र योग्यता बताइसकेकाले उनीहरू चुप लागे ।

फूलहरू कोही कतै र कोही कतै लागे । हेर्दाहेर्दै सम्मेलनमा फूलका चार समूह भए । सबै आआफ्ना अडानमा देखिए । मतदानै गर्नुपर्ने मान्छेको रोग फूलमा पनि सल्कन थाल्यो ।

म केही नबोली हेरिरहेको थिएँ, सुनिरहेको थिएँ । मजस्तै सबैका कुरा सुन्दै गम खाएर बसिरहेको लालुपातेले आफ्ना राताराता पत्ती हल्लाउँदै भन्यो- "म राजा हुन खोजेको छैन (सबै हाँसे) । सुन्नुहोस्, हाम्रो लक्ष्य एकातिर छ, त्यसलाई चटक्क छाडेर एउटा नेता छान्ने काममा नबाझौँ । हामी त्यस्तो फूललाई नेता छानौँ, जसले हाम्रो लक्ष्य पूरा गर्न सकोस्, जसले सबैको मन जित्न सकोस्, जो संसारैभर पुगेको होस्, जसका



धेरैभन्दा धेरै प्रजाति होऊन् ।..."

लालुपातेका कुरा नसकिँदै पारिजातले बीचैमा भन्यो– "एकदम राम्रो कुरा, तर त्यस्तो फूल कुन होला ? थाहा पाऊँ न !"

गुराँस गम्भीर भएर अघि सऱ्यो । अरूहरू जिल्ल परे, आश्चर्यमा परे । मैले पनि केही बुझ्न सकेको थिइनँ । गुराँसले हाँगा हल्लाएर फूल बर्साउँदै भन्यो– "धन्दा नमान्नुहोस् । म आफ्नो नाम फिर्ता लिन्छु । त्यस्तो फूल हो– गुलाफ ! हामी सबै मिलेर गुलाफलाई राजा छानौँ ।"

गुलाफको नाम आउनेबित्तिकै सबैले छुनुमुनु टाउको हल्लाएर बास्ना छर्दै समर्थन जनाए । कमल र सूर्यमुखीले पनि आआफ्नो नाम फिर्ता लिँदै समर्थन जनाए । उनीहरूले भने– "ठीक हो । हामीभन्दा गुलाफ नै नेता हुनलायक छ । त्यसैले हामी पनि गुलाफलाई नेता मान्छौँ ।"

गुलाफ मक्ख पऱ्यो । त्यसै राम्रो, झन् राम्रो देखियो । उसले सबैतिर गुलाफजल र पराग छर्दै भन्यो– "मलाई सबै फूलले सर्वसम्मतिले नेता चुनेकोमा म सबैलाई धन्यवाद दिन चाहन्छु । म आफ्नो शक्तिले भ्याएसम्म फूलको हकहित, इज्जत, मानप्रतिष्ठा बढाउनमा सधैँ लागिरहनेछु । धन्यवाद !"

सबै फूलहरू खुसीले नाच्न–गाउन र रमाउन थाले । म पनि खुप नाचेँ ।

आजसम्म पनि गुलाफ नै फूलहरूको राजा रहिआएको छ । गुलाफलाई सबैले राजा मानेका छन् । गुलाफ सबै ठाउँमा सबै रङमा पाइन्छ । यी यहाँ पनि छ । गुलाफतिर हेरेर गुलमोहरले भन्यो– कसो गुलाफ राजा !

गुलाफले भन्यो– "ठीक भन्यौ काका, म त सधैँ पुष्पबन्धुहरूप्रति आभारी छु ।"


कुरा सुनिरहेका असल र अनूपले भने– "गुलाफ राजा– जिन्दावाद !"

उनीहरूको नारा सुनेर फूलहरू पनि रमाए । सबै फूलले एकैचोटि बास्ना छरे ।

•


६३. बूढाको अर्ती
६४. भकुल्लेको साथी को ? (बालकथा)
६५. भाँडाकुटी
६६. भालुलाई पाठ (बालकथा)
६७. भूतको कथा
६८. भूतसँग जम्काभेट
६९. मकमक घुर्र
७०. मकैको रोटी
७१. मनु र भँगेरा
७२. मन्टुकी बज्यैको कथाको पेटारो
७३. मानिस नै देवता
७४. मामाघरको हजुरबा (बालकथा)
७५. माहुरीको पुस्तकालय
७६. मितेरी गाउँ
७७. मेरो सानो घोडा
७८. मेरो मुरली
७९. मोती र गुलाब
८०. रङ्गीचङ्गी कथाहरू
८१. रमाइला नानी (भाग १, २, ३)
८२. रामेको कथा (बाल-उपन्यास)
८३. राम्रो काम
८४. राहुलका माछा र सुगा
८५. रूपैयाँ फल्ने रूख
८६. 'रे' का केही कथा
८७. लाटोकोसेरोलाई लड्डू
८८. लुकामारी
८९. ल्वाँदे र ग्वाँदे
९०. लोखर्केको बिहे
९१. विज्ञानका ताराहरू
९२. विदेशी बगैंचाका चार थुँगा फूल
९३. विदेशी बगैंचाका पाँच थुँगा फूल
९४. विदेशी बगैंचाका छ थुँगा फूल
९५. शोकाकुल ढुङ्गाहरू
९६. श्रीकृष्णलीला
९७. सगुन र सडक (बालकथा)
९८. सन्तु र सुगा (बालकथा)
९९. सर्वश्रेष्ठ प्राणी को ? (बालकथासङ्ग्रह)
१००. साथीसँग बनभोज
१०१. सारङ्गी (बालकविता)
१०२. सीमाको सुगा
१०३. सुनचाँदीको बालक
१०४. सुनकेस्रा (बालकथा सङ्कलन)
१०५. सुनौला तीन कुरा
१०६. सुनाखरी
१०७. सुनको छाती
१०८. सुरीको साइकल (बालकथा)
१०९. सुशीला र सगुन (बालकथा)
११०. सेती परी काली परी
१११. सूर्यमुखी फूल
११२. सोझी नानू छट्टू राजु (बालकथा)
११३. स्वार्थी ब्वाँसो (बालकथासङ्ग्रह)
११४. हराएकी छोरी
११५. हरियाली (बाल-उपन्यास)
११६. हान्स क्रिस्चियन एन्डरसन र उनका परीकथाहरू
११७. हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग १, २)
११८. हिउँकान्छा (बालकथा)
११९. हिमाली डाँफे
१२०. हीराको टुक्रा
१२१. हीरा र मोती
१२२. कसले के बुझ्यो
१२३. कान्छाको मोटर
१२४. किसान र भालु
१२५. गीता पापा (पौराणिक बालकाव्य)
१२६. घामको घर जूनको छानो (बालगीतमाला)
१२७. चराहरुको पर्यटन मेला
१२८. झलमल्ल घाम (बालकथासङ्ग्रह)
१२९. झिलिमिली तारा
१३०. दानवीर स्कूल
१३१. लालीगुराँस
१३२. साथी-साथी (बालकथासङ्ग्रह)
१३३. सुन्दर पार्कका सुन्दर फूलहरू

# हाम्रा नयाँ प्रकाशनहरू










ISBN 99933-0-444-1
9 789993 304449

Dasain, Ping Ra Hatti
Price: NPRs. 50.00